# इटहरी उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी

१ नं. प्रदेश, नेपाल

०२५-५८००४
०२५-५८२३१९
०२५-५८२८१९
०२५-५८२१६९


प.सं.
च.नं.

मिति: २०७६/०२/०७

## घर नक्सा पास/अभिलेखिकरण सम्वन्धि सूचना

प्रस्तुत विषयमा इटहरी उपमहनगरपालिका नगर कार्यपालिको मिति २०७६।१।२३ को निर्णय अनुसार इटहरी उप. म.न.पा. नगर कार्यपालिकाको कार्यालयमा देहायका विषयहरुको देहायको मितीभित्र इटहरी उप. म.न.पा. नगर कार्यपालिकाको कार्यालय, घर नक्सा शाखामा इटहरीमा निवेदन पेश गर्न हुन सम्वन्धित सवैको जानकरीको लागि सुचित गरिन्छ ।

१.) हाल इटहरी उप महानगरपालिकामा समावेश भएका साविक गा.वि.स.हरु हुदैं नक्सा पासको लागि फायल दर्ता भई प्रक्रिया अघि वढेका फायलहरुका हकमा सार्वजनीक सुचना जारी भएको मितीले १ वर्ष भित्र निर्माण सम्पन्नको निवेदन दिई सो को प्रकृया अगाडी वढाई सकेको हुन पर्ने छ त्यस्तो प्रकृया उपर जाचवुझ गर्दा तत्कालीन मापदण्ड र सहिता पालना भएको हकमा नक्सा पास दस्तुरको दस प्रतिशत जरीवाना लिई नक्सा पास गरीने छ तर जाचवुझ गर्दा तत्कालीन मापदण्ड र सहिता पालना नभएको हकमा साविककै नक्सा पास दस्तुरमा नै नक्सा अभिलेखिकरण प्रमाण पत्र दिइने छ ।

२.) साविक गा.वि.स.हरु स्तर उन्नती भई र इटहरी उपमहानगरपालिकामा समायोजन भए पश्चात मिती २०७३ अषाढ मसान्त सम्म नक्सा पासको लागि फायल पेश भई दर्ता भई इजाजत नलिएका फायलहरुका हकमा सार्वजनीक सुचना जारी भएको मितीले १ वर्ष भित्र निर्माण सम्पन्नको निवेदन दिई सो को प्रकृया अगाडी वढाई सकेको हुन पर्ने छ त्यस्तो प्रकृया उपर जाचवुझ गर्दा तत्कालीन मापदण्ड र सहिता पालना भएको हकमा नक्सा पास दस्तुरको दस प्रतिशत जरीवाना लिई नक्सा पास गरीने छ तर जाचवुझ गर्दा तत्कालीन मापदण्ड र सहिता पालना नभएको हकमा साविककै नक्सा पास दस्तुरमा नै नक्सा अभिलेखिकरण प्रमाण पत्र दिइने छ ।

३.) द्त्र.) साविक इटहरी नगरपालिका इटहरी उपमहानगरपालिकामा समायोजन भए पश्चात मिती २०७३ अषाढ मसान्त सम्म नक्सा पासको लागि फायल पेश भई दर्ता भई इजाजत नलिएका फायलहरुका हकमा सार्वजनीक सुचना जारी भएको मितीले १ वर्षभित्र निर्माण सम्पन्नको निवेदन दिई सो को प्रकृया अगाडी वढाई सकेको हुन पर्ने छ त्यस्तो प्रकृया उपर जाचवुझ गर्दा तत्कालीन मापदण्ड र सहिता पालना भएको हकमा नक्सा पास दस्तुरको पचास प्रतिशत जरीवाना लिई नक्सा पास गरीने छ तर जाचवुझ गर्दा तत्कालीन मापदण्ड र सहिता पालना नभएको हकमा साविककै नक्सा पास दस्तुरमा नै नक्सा अभिलेखिकरण प्रमाण पत्र दिइने छ ।

**निवेदनसाथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु**

१. नेपाली नागरिकताको प्रतिलिपि
२. जग्गा धनी प्रमाण पुर्जा प्रतिलिपी
३. एकिकृत सम्पती कर वुझाएको रसिदको प्रतिलिपी
४. राजश्व जम्मा गरेको प्रमाण

विकास भट्टराई
इन्जिनियर